नेपाली जनसम्पर्क समिति, अमेरिका
Nepali Public Relations Committee, America
4826 64TH Street 2C Woodside NY 11377, www.nprccusa.org

मितिः अगष्ट १, २०१८

**श्री सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यु,**
**प्रधानमन्त्रीको सचिवालय**
**सिंहदरवार, काठमाडौं,नेपाल ।**
मार्फतःमहावाणिज्य दूतावासको कार्यालय,न्यूयोर्क,अमेरिका ।

**विषयः ज्ञापन पत्र सम्बन्धमा ।**

सम्माननीय प्रधानमन्त्रीज्यू,

पाँच महिना पहिले जब तपाईले प्रधानमन्त्रीको रुपमा शपथ लिंदै गर्दा र तपाईले सुखी नेपाली,सम्मृद्ध नेपालको नारा अघि सार्दै गर्दा एउटा उत्साहको तरंग पैदा भएको थियो । लामो समयसम्मको संक्रमणकालीन राजनीतिक अध्यायलाई हाम्रो मातृपार्टी नेपाली कांग्रेसका आदरणीय सभापतिद्वय सुशील कोइराला र शेरबहादुर देउवाको नेतृत्वमा रहेको तत्कालीन सरकारले संविधान निर्माण,घोषणा र तत्पश्चात तीनै तहको निर्वाचन सम्पन्न गरी संविधान कार्यान्वयनको प्रारम्भिक चरणको जिम्मेवारी पुरा गरेको तपाईलाई अवगतै छ । नेपाली कांग्रेसका लागि आफ्नो पार्टीको हार जित प्रमूख विषय होइन,लोकतन्त्र र जनताको अधिकारका लागि सात दशकदेखि संघर्ष र नेतृत्व गर्दै आएको कांग्रेसका लागि लोकतन्त्रको जग मजबुत बनाउने र जनताको त्याग र बलिदानबाट प्राप्त अधिकारको सम्बर्द्धन गर्ने कार्यभार प्रमूख महत्वको हो । यस अर्थमा कांग्रेसले संसदीय निर्वाचन परिणामको अंक गणीतमा कम सिट जिते पनि हामी प्राप्त उपलब्धिको रक्षार्थ सधैं खबरदारी गर्न अग्रमोर्चामा छौं ।

संसदमा विपक्षी दलको भूमिका पनि सत्ता पक्षका हरेक गतिविधिलाई निगरानी गर्दै सत्ता पक्षले गरेका गल्ती,कमी,कमजोरी औंल्याएर खबरदारी गर्नु हो र गलत कार्य गर्न नदिनु हो । यसका लागि हाम्रो पार्टी नेपाली कांग्रेसले जिम्मेवार प्रतिपक्षीको भूमिका निर्वाह गर्दै आइरहेको पनि प्रष्ट छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

जुन आशा,अपेक्षा,विश्वास र उमंगका साथ तपाईंलाई दुई तिहाई बहुमत प्राप्त प्रधानमन्त्रीको रुपमा हामीले स्वागत गरेका थियौं,त्यो विश्वासमा पाँच महिनाको छोटो अवधिमा नै तपाई,तपाईको मन्त्रीपरिषदका सदस्यहरुका व्यवहार,गतिवधि,अभिव्यक्ति र कार्यशैलीका कारण कुठाराघात भैसकेको छ । यस बीचमा भएका गतिविधिका प्रति खबरदारी गर्दै हामी मातृपार्टी नेपाली कांग्रेसले देशव्यापी रुपमा सुरु गरेको सरकारका गलत कार्यहरुको विरोधका प्रति ऐक्यवद्धता जनाउदै निम्न विषयमा ज्ञापन पत्र पेश गर्छौं ।

१. तपाई र तपाई नेतृत्वको सरकारका कतिपय जिम्मेवार सदस्यहरुले विदेशमा बसेका हामी नेपालीहरुप्रति गरेको टिप्पणी अत्यन्त निकृष्ट छ । हामी जन्मभूमिको विकास,संमृद्धि र प्रगति हेर्न मात्र चाहन्नौं, आ आफ्नो क्षेत्रबाट यसका लागि योगदान समेत गर्न सदा तयार छौं र गरिरहेका पनि छौं । मुलुकको अर्थतन्त्रको महत्वपूर्ण आधार रेमिट्यान्स बनेको छ र त्यो रेमिट्यान्स मुलुकमा भित्र्याउने र आर्थिक गतिविधिलाई गतिशील बनाउन सकेको योगदान गर्ने हामी विदेशमा रहेका नेपालीहरु नै हौं । तर हामीलाई भूतपूर्व नेपाली भनी अपमान गर्ने,हाम्रो योगदानको अवमूल्यन गर्ने र विश्वभरका नेपालीहरुलाई अपमानित गर्ने जुन कार्य तपाइँ नेतृत्वको सरकारबाट भएको छ,त्यसले विदेशमा बसेका नेपालीहरुप्रति वर्तमान सरकारको दृष्टिकोण अत्यन्त नकारात्मक रहेको छ भन्ने हाम्रो ठहर छ । हामी यसरी गलत रुपमा आफुहरुलाई अपमानित गर्ने सरकारी रबैयाको निन्दा र भर्त्सना गर्दछौं ।

२. न्यायालय र प्रेसमाथिको अंकुशः वर्तमान सरकार गठन भए यताका केही घटनाक्रम हेर्ने हो भने दुई तिहाइको दम्भमा सरकार अधिनायकवादको अभ्यासमा लागेको खतरनाक पूर्व संकेत देखिएको छ । स्वतन्त्र प्रेसको संवैधानिक सुनिश्चिततामाथि मन्त्रीपरिषदका सदस्यहरुको गतिविधि,संचारकर्मीले प्रश्न सोधेकै कारण कार्यक्रम बन्द गराइदिने हर्कत,अहिले न्यायालयमाथि सत्तापक्षबाट भैरहेको नियोजित प्रहार,प्रस्तावित प्रधानन्याधीशमाथिको कम्युनिष्ट सरकारको आदेश मान्नुपर्ने घुमाउरो दवाब र सोही अनुसारको चलखेलले वर्तमान सरकार अधिनायकवाद उन्मूख हुँदै गएको खतरनाक संकेत देखिएको छ । हामी सम्माननीय प्रधानमन्त्रीज्यूकै शब्द सापटी लिएर स्मरण गराउन चाहन्छौं,तपाईले पनि १४ वर्षसम्म जेलजीवन बिताएर लोकतन्त्रका लागि कठोर यातना सहनु भएको छ । यस्तो व्यक्तित्वबाट लोकतन्त्रलाई मजबुत बनाउन र मलजल गर्न योगदान पुग्छ भन्ने हाम्रो आम विश्वास हो । तर बोली र व्यवहार,कार्यमा देखिएको भिन्नताले गर्दा तपाई कतै त्यही कम्युनिष्ट अधिनाकवादको अभ्यासमा अग्रसर हुनु भएको त होइन भन्ने गम्भीर आशंका उत्पन्न भएको छ,जसका प्रति हामी

खबरदारी गर्दै प्रस्ट पार्न चाहन्छौं, विदेशमा बसे पनि हामीले हाम्रो तहबाट लोकतन्त्रका लागि योगदान गरेका छौं र लोकतन्त्रका विरुद्ध हुने कुनै पनि गतिविधि हाम्रा लागि स्वीकार्य हुने छैन ।

३. महंगी,दमन,अत्याचारका विरुद्ध खबरदारी : वर्तमान सरकार गठन भएको पाँच महिनाको अवधिमा नै नेपाली जनताले पटकपटक मूल्यवृद्धिको पीडा सहनु परेको छ । पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले उपभोक्ताको ढाड सेकेको छ । दैनिक उपभोग्य वस्तुको चरम मूल्यवृद्धि नियन्त्रण गर्न,जनतालाई सहुलियत दिन सरकार असफल हुँदै गएको छ । अनावश्यक रुपमा सार्वजनिक स्थानमा धर्ना र जुलुश गर्न नपाइने भन्दै प्रतिबन्ध लगाएर सरकारले जनताको शान्तिपूर्ण भेला भएर बोल्न पाउने अभिव्यक्ति स्वतन्त्रतामा प्रहार गरेको छ । यस्ता कार्यहरु जनविरोधी,दम्भयुक्त र कम्युनिष्ट अधिनायकवादको पूर्व अभ्यास हुन् जसका विरुद्ध हामी खबरदारी गर्छौं ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**तपाईंको यो कार्यकालका आरम्भमा केही सकारात्मक प्रयास भए पनि त्यसले निरन्तरता पाउन सकेन । बरु तपाईं स्वयम्को हस्तक्षेपमा त्यस्ता सकारात्मक प्रयासलाई रोक्ने काम भयो भन्ने चर्चा चुलियो । सुनकाण्डका अभियुक्तलाई पहिचान गर्न नसक्नु,सिन्डिकेट खारेज गर्ने घोषणालाई प्रचारात्मक मात्र बनाउनु,समयमा काम नगर्ने,नसक्ने ठेकेदारहरुलाई पक्रने र कारवाही गर्ने प्रोपोगान्डा मच्चाउनु जस्ता कार्यहरु जसले वर्तमान सरकारप्रति चरम अविश्वास मात्र सिर्जना गर्यो । प्रक्रियागत रुपमा यी प्रयासहरु आज शक्तिको सौदाबाजीका विषय बने । राज्य कसैप्रति अति पूर्वाग्रही बन्यो भने कसैका प्रति राज्य अतिरन्जित रुपमा पक्षपोषक । जुन कार्य दुई तिहाइको दम्भमा गरियो । यसले राज्य संचालकहरु असहिष्णु बन्दै गरेको उदाहरण दिएको छ । वर्तमान संविधान अनुसार संघीय र प्रदेश संसदमा सभामुख र उप सभामुख एकै दलको हुनु नहुने भनि व्यवस्था गरेको छ । तर यो संबैधानिक व्यवस्थालाई समेत तपाईं नेतृत्वको सरकार र तपाईंकै नेतृत्व रहेको बहुमत प्राप्त दलले ठाडो उल्लङ्घन गरेको छ । जसले तपाईंहरु संसद र संविधानमा उल्लेखित व्यवस्थालाई समेत स्वीकार गर्नु हुन्न भन्ने उदाहरण प्रस्तुत गरेको छ ।

हाम्रो पार्टीका सभापति तत्कालीन प्रधानमन्त्री श्री शेरबहादुर देउवाको कार्यकालमा सुरु गरिएको वृद्धभत्ता र गम्भीर प्रवृत्तिका रोग लागि उपचार गर्न नसक्नेहरुलाई पाँच हजार सहयोग दिने लगायतका अन्य भए,गरिएका वैधानिक नियुक्तिहरुलाई तपाईंको नेतृत्वको सरकारले दुई तिहाईको बहुमतको दम्भ देखाउदै हटाउने र आफ्नो अनुकुल नहुने,नरहने कसैलाई पनि हाम्रो शासन व्यवस्थामा हामी यस्तै गरी कारवाही गर्छौं भन्ने मनोवैज्ञानिक त्रास सिर्जना गरेर कम्युनिष्ट अधिनायकवादलाई प्रश्रय दिने अभ्यास भएको छ ।

प्राध्यापक डाक्टर गोविन्द केसीसंग वर्तमान सरकारले जुन सम्झौता गरेको छ त्यो पनि कार्यान्वयन हुनेछ भन्नेमा विश्वास गर्ने आधार छैन । तत्कालीन सरकारले केसी पक्ष समेतको सहमतिमा माथेमा आयोग मार्फत तयार गरी पेश गरेको अध्यादेशलाई परिवर्तन नगरी पछिल्लो समय डाक्टर केसीसंग भएको सहमति अनुसार अविलम्ब कानुन निर्माण गर्ने कार्य होस् भन्दै हामी सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं ।

सम्माननीय प्रधानमन्त्रीज्यू, तपाईं आफैं भन्नुहुन्छ म नाफाको जिन्दगी बाँचेको छु र राष्ट्रहित र देशका लागि सकेको योगदान गर्ने बाहेक मेरो कुनै स्वार्थ छैन । तर तपाईंको भनाईमा विश्वासको संकट चुलिदै गएका कारण हामी खबरदारीस्वरुप यो ज्ञापन पत्र पेश गर्छौं । हामी देख्न चाहन्छौं, दुई तिहाइ बहुमतको सरकारले सबैलाई विकासको यात्रामा हिड्ने बाटो बनाओस्  न कि दम्भ,अहंकार र सप्रतिशोध साँध्ने हतियार । जीवनको यो महत्वपूर्ण घडीमा तपाईं सच्चा देशप्रेमी र सफल नेता बन्नु होस् हामी शुभकामना दिन चाहन्छौं तर संसदीय व्यवस्थामा विपक्षीलाई पनि विश्वासमा लिएर अघि बढ्नु राम्रो हुन्छ र लोकतन्त्रको सुन्दर पक्षलाई पनि ध्यान दिनुपर्छ भन्ने हेक्का समेत राख्नु हुन हामी स्मरन गराउन चाहन्छौं ।

दुई तिहाई बहुमतको सरकारी दम्भ,हठ र संवैधानिक मूल्य,मान्यता र विधिको शासन विरुद्धका सबैखाले हर्कत अनि अधिनायकवादी कार्यशैलीको विरोध स्वरुप यो ज्ञापन पत्र पेश गर्दछौं ।

**मुनिन्द्र नेम्वाङ्ग**
महासचिव,नेपाली जनसम्पर्क समिति,अमेरिका

**आनन्द विष्ट**
सभापति,नेपाली जनसम्पर्क समिति,अमेरिका
एवं आमन्त्रित केन्द्रीय सदस्य,नेपाली कांग्रेस